
# लेखापरीक्षण प्रतिवेदन

# गजुरी गाउँपालिका, धादिंग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गजुरी गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/262

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

धादिङ्ग।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ३४ लाख ८१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.८ लाख १० हजार र गरिबसंग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत गरी रु.११ करोड ४७ लाख ६ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ३९ करोड १४ लाख ८० हजार लेखापरीक्षण गरिएकोमा रु.३ करोड ३८ लाख ७४हजार बेरुजू देखिएकोमा रु.८६ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु रु.३ करोड ३७ लाख ८८ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रु. ६ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड २७ लाख ३९हजार, नियमित गर्नुपर्ने रु.२ करोड ३ लाख ५३ हजार रहेको छ। गतवर्ष सम्म रु.२८ करोड ३४ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३० करोड ६८ लाख ७६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गजुरी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गजुरी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ५१ | ३,३८,७४,२८० | ० | ५ | ८६,३६७ | ० | ७० | ४६ | ३,३७,८७,९१३ | ६,९६,२९५ | २,०३,५२,९०९ | १,२७,३८,७०९ | ० | ० | ३,३०,९१,६१८ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | २८,३४,३२,९९२ | ० | १,०३,४४,४७१ | २७,३०,८८,५२१ | ० | ३,३७,८७,९१२ | ३०,६८,७६,४३३ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५३ | अमिलेडाँडा बेल भन्ज्याङ्ग सडक | १,९८,२८३ |
| २ | २०७७/७८ | ६३ | करार कर्मचारीलाई महङ्गी भत | १६,००० |
| ३ | २०७७/७८ | ७६ | खर्चको प्रमाण | ५,००,००० |
| ४ | २०७७/७८ | ३५ | गरिवि निवारण कार्यक्रम | ४,७०,००० |
| ५ | २०७७/७८ | ५९ | नमर्स भन्दा बढी भुक्तानी | ४,८०० |
| ६ | २०७७/७८ | ५६ | पूर्व निर्धारित क्षतिपूर्ति | ४,८८,३७२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७७/७८ | ५५ | स्वीकृत दर भन्दा बढी भुक्तानी | २,२२,७४८ |
| ८ | २०७७/७८ | ४१ | रकम फिर्ता | ४,३७,००० |
| ९ | २०७७/७८ | ७९ | बढी भुक्तानी | ८५,९७७ |
| १० | २०७९/८० | २१ | दहत्तर बहत्तर आम्दानी | ३१,९३,७०२ |
| ११ | २०७९/८० | ७१ | कार्यालय समयमा बसेको बैठक भत्ता भुक्तानी | १,२७५ |
| १२ | २०७९/८० | ४०.२ | आन्तरिक लेखापरिक्षणबाट औल्याएका बेरुजु कायम | २४,००० |
| १३ | २०७९/८० | ५७ | २० प्रतिशत सहभागिता | ९४,०५२ |
| १४ | २०७९/८० | ४१ | विद्यालय इन्टरनेट खर्च | १२,००० |
| १५ | २०७९/८० | ४८ | भ्रमण खर्च | ३,५०० |
| १६ | २०७९/८० | ३४ | बैङ्क जमानतको म्याद | ३७,३३,००० |
| १७ | २०७९/८० | ६९ | बढी दरमा बैठक भत्ताः | ३१,८७५ |
| १८ | २०७९/८० | ५२ | प्रशिक्षक पारिश्रमिक कर | ५८,५७५ |
| १९ | २०७९/८० | १९ | पेस्की बाँकी | ३,९०,००० |
| २० | २०७९/८० | २३ | पारीश्रमिक करः | ४०,६१० |
| २१ | २०७९/८० | ५३ | पारिश्रमिक कर | ३,५५० |
| २२ | २०७९/८० | ६३ | पाईप खरिदः | २,९४,३५२ |
| २३ | २०७९/८० | ५६ | सहभागी भत्ता | ४०,८०० |
| २४ | २०८०/८१ | ७३.३ | दमकल खरीद सम्वन्धमा - | ६,६९४ |
| २५ | २०८०/८१ | ५३ | दिवा खाजा - | १५,१६५ |
| २६ | २०८०/८१ | ५४ | निशुल्क पाठ्यपुस्तक - | २१,६१६ |
| २७ | २०८०/८१ | ४२ | सामाजिक सुरक्षा फिर्ता बाँकी - | २१,८९२ |
| २८ | २०८०/८१ | ५७ | कर कट्टा नगरेको - | २१,००० |
| जम्मा | | | | १,०४,३०,८३८ |

# (८०३३०५०३३०० - गजुरी गाउँपालिका, धादिंग )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गजुरी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १३८ वर्ग किलोमिटर क्षेत्रफल तथा २९,००० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो।यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।२३ देखि २०८१ ।५।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय तर्फको रु.१ अर्ब ३९ करोड १४ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको भौचरबाट पारिश्रमिक कर,सामाजिक सुरक्षा भत्ता, फरक शिर्षकमा खर्च लगायतको रु.६,४६,९७१.१२ असूल भई दाखिलाको प्रमाण पेश भएको ।

| मिति | भौ.न | रकम |
|---|---|---|
| २०८१।५।२५ | ६९२२४९५० | २२०० |
| २०८१।५।२५ | ६९२२४६५९ | ९४०८ |
| २०८१।५।२५ | ६९२२४८४५ | ३२५० |
| २०८१।५।२६ | ६९३२५४७५ | १४०० |
| २०८१।५।२६ | ६९३२२४५०९ | ४००० |
| २०८१।५।२६ | ६९३२४००४ | १६३५ |
| २०८१।५।१३ | ६८७२३५९२ | १७३३५ |
| २०८१।५।२८ | ६९४१६५४४ | ४२१८२.१२ |
| २०८१।५।३१ | ६१५१६८८४ | ३९६००० |
| २०८१।५।२६ | ६९२८९०१५ | ६९७२१ |
| २०८१।६।६ | ६९७२९३६५,६९७२९३७५,६९७२९४०१,६९७२९५७३, ६९७२९३८८,६९७२९६१४, ६९७२९६८२,६९७२९७१९,६९७२९७०३, ६९७२९६६४,६९७२९४४७ | ६०००,११०००,९०६५,९३५०,८५ ७५२५,२५५०,२५५०,२५५०, २५५०,९७७५ |
| जम्मा | | ६४६९७१.१२ |

२ **एकिकृत आर्थिक विवरण**

**गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | गत वर्षको जिम्मेवारी | ३८५५२४२१.१५ | १. | चालु | ३९४८६६७८८.२ |
| | बैंक मौज्दात | ११०१३१६५.५ | २. | पूँजीगत | १४९८५२१७४ |
| २. | यस वर्षको धरौटी आम्दानी | ० | ३. | धरौटी फिर्ता | २२९५५६० |
| ३. | आन्तरिक राजश्व आम्दानी | १३९६३९९१.५६ | ४. | कोष खर्च | ० |
| | आन्तरिक राजश्व | १७४००७०७ | | बिबिधकोष तर्फ | १५०२८७००.६६ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ८१२२०९४४.१७ | | प्रकोप व्यवस्थापन कोष | १४५५००० |
| | राजश्व बाँडफाँड संघीय सरकार | ३०६३६२६२ | | आकस्मिककोष | ४९०४४२१ |
| | अन्य आय राजस्व स्थानिय | | ५. | मौज्दात | ० |
| ४. | संघीय सरकारबाट प्राप्त अनुदान | १२७९६८००० | | बैंक मौज्दात | २३६०४७५२.६१ |
| | वित्तीय समानिकरण अनुदान | १८७४१८००० | | धरौटी मौज्दात | ८७१७६०५.५ |
| | सशर्त अनुदान | ४६९८९०० | | कल्याण कोष खाता | ० |
| | समपुरक अनुदान | १६२७७७६४ | | प्रकोप व्यवस्थापन खाता | ८१७१८.६६ |
| | विशेष अनुदान | ० | | बिबिधकोष तर्फ | १७३८०४२.३२ |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | १४९६२००० | | आकस्मिककोष | १४३३१६३.७ |
| | वित्तीय समानिकरण अनुदान | १७२५४००० | | सडकबोर्ड | २९००००० |
| | सशर्त अनुदान | २००००००० | | संघ तथा प्रदेशको फ्रिज | १२०२९२७५.०४ |
| | समपुरक अनुदान | १००००००० | | सामाजिक सुरक्षा | ११३४८१३८६ |
| | विशेष अनुदान | ० | | गरिब संग बिशेश्वर | ४१५००० |
| ६. | विभिन्न कोष तर्फको आय | | | | |
| | बिबिधकोष तर्फ | १६९६१९३१.९८ | | | |
| | प्रकोप व्यवस्थापन कोष | १३४१५२९.६४ | | | |
| | आकस्मिककोष | ६३३७५८४.७ | | | |
| ७. | सडकबोर्ड | २९०००० | | | |
| ८ | सामाजिक सुरक्षा | ११३४८१३८६ | | | |
| ९ | गरिब संग बिशेश्वर | ४१५००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | ७३२८०३५८७.७ | | जम्मा | ७३२८०३५८७.७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेषण -**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NAPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,३४,८१,३८६.७२ , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.८,१०,००० र गरिबसंग विश्वेश्वर कार्यक्रम रु ४,१५,००० समेत गरी रु ११,४७,०६,३८६.७२ सुत्रमा लेखाङ्कन गरेको छैन ।अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस भएता पनि सो समावेश भएको रकम म.ले.प.फा.नं. २७० को वित्तिय विवरणमा समावेश हुँदैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,०६,१४,७९२।-, यस वर्षको प्राप्ति रु. १७,०६,४०,७३०.४४, यस वर्षको भुक्तानी रु. १८,१२,२८,२३३.८२र बैङ्क मौज्दात रु. ६८,३७,४०२.०७फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ५९१६७२१३.१५ | ५२३६१०४३६.११ | ५४४७३७९५१.८१ | २८७३७८८०.७२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३८५५२४२१.१५ | ६९४२५११६६.५५ | ७२५९६६१८५.६३ | ३५५७५२८२.७९ |
| फरक | २०६१४७९२ | (१७०६४०७३०.४४) | (१८१२२८२३३.८२) | ६८३७४०२.०७ |

३.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४८२९४८०८.६५ मौज्दात रहेकोमा यो वर्ष रु. ३८५५२४२१।१५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९७४२३८७.५ घटी जिम्मेवारी सारेको देखिन्छ।तर पालिकाले पेश गरेको आर्थिक वर्ष

२०७९।८० को बैक स्टेटमेन्ट अनुसारको बैक मौज्दात रु.३८५५२४२१.१५ रहेकोमा यस बर्ष २०८०।८१ को लागि जिम्मेवारी पनि रु. ३८५५२४२१.१५ नै सारेको प्रमाण पेश गरेको छ ।

३.५ बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| चालु खर्च खाता | ० | ० | ० |
| पूँजीगत खर्च खाता | ० | ० | ० |
| धरौटी | ८७१७६०५.५ | ८७१७६०५.५ | ० |
| संचित कोष | २३६०४७५२.६१ | २३६०४७५२.६१ | ० |
| आकस्मिककोष | १४३३१६३.७ | १४३३१६३.७ | ० |
| प्रकोप ब्यबस्थापन | ८१७१८.६६ | ८१७१८.६६ | ० |
| बिबिधकोष | १७३८०४२.३२ | १७३८०४२.३२ | ० |

३.६ मौज्दात रकम- पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. ५४४७१८९५२ खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु.२३६०४७५२.६१ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सदैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु. देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• भुक्तानीमा कर कट्टीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी

मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन ।

•दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा भ्रमण प्रतिवेदन दिने गरेको पाईएन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

• निजामती सेवा ऐन,२०४९ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागू गरेको पाइएन ।

•स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तीको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन ।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तिय प्रतिवेदन तयार गरि प्रदेश लेखा नियन्त्रक कार्यलय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

५ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ ।

७ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा प्रमुखले मिति २०८०।०३।१० गते रु. ६४ करोड ९० लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति२०८०।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

८ **बजेट खर्च** -

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पूँजीगत खर्च देहाए बमोजिम गरेको छ ।

| **कुल बजेट** | **कुल बजेट खर्च रु** | **चालु खर्च रु.** | **प्रतिशत** | **पूँजीगत खर्च रु.** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| ६४९०८४०० | ५४४७१८९६२.२ | ३९४८६६७८८.२ | ७२.४९ | १४९८५२१७४ | २७.५१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६४ करोड ९० लाख ८४ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ३९ करोड ४८ लाख ६६ हजार र पूँजीगत तर्फ रु. १४ करोड ९८ लाख ५२ हजार गरी कुल खर्च रु. ५४ करोड ४७ लाख १८ हजार अर्थात कुल बजेट विनियोजनको २७.५१ प्रतिशत पूँजिगतमा र ७२.४९ प्रतिशत चालुमा खर्च भएको छ ।

९ **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १३९६३९९१.५६ राजस्व बाँडफाँडवाट रु. ९८६२१६५१.१७, अन्य आय रु. ३०६३६२६२ र अनुदानबाट रु. ३९८५७८६६४ समेत रु. ५४१८००५६८.७३ आम्दानी भएकोमा चालु तर्फ रु. ३९४८६६७८८.२ र पूँजिगत तर्फ रु. १४९८५२१७४ समेत रु. ५४४७१८९६२.२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा नियमित तर्फ मात्र रु.६३१२००० खर्च भएको छ जुन आन्तरिक आयको ४५.२० प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ७२.४९ प्रतिशत चालु, २७.५१ प्रतिशतमात्र पूँजिगत निर्माण तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **अबण्डा बजेट** –

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. ५४ लाख बजेट अबण्डा राखी गाउँ प्रमुख र उपप्रमुखको निर्णयबाट देहाए बमोजिम खर्च गरेको छ ।

| क्र स | अवण्डा बजेट रु. | संचालित योजना संख्या | खर्च रु. |
|---|---|---|---|
| १ | आदर्श मा.वि अनुदान | १ | ५००००० |
| २ | बिमिरे खोल्सी खानेपानी निर्माण उस | १ | ३७८००० |
| ३ | जाल्पा देवि मन्दिर निर्मान | १ | १९४००० |
| ४ | बर्तौलाडाँडा चनौटे सडक निर्माण उस | १ | ४८५००० |
| ५ | भिरकटेरी चर्च भवन निर्माण उस | १ | २९१००० |
| ६ | गौरी भञ्ज्याङ रुम्टा सडक | १ | ९७०००० |
| ७ | दुलालटार सिंचाई कुलो निर्माण उस | १ | ९६०००० |
| ८ | गजुरी ब्याडमिण्टन कल्व | १ | १५०००० |
| ९ | गजुरी सामुदायिक बिकास समाज | १ | २००००० |
| १० | गजौदी युवा कल्व | १ | ७५००० |
| ११ | जापान गुरुरियो कराते रो | १ | १००००० |
| १२ | नेपाल रेडक्रस सोसाईटी धादिङ | 1 | ९४००० |
| १३ | मुर्ति खरिद संघर्षसिल युवा समाज | १ | १४०००० |
| १४ | डोलभञ्ज्यांङ माविलाई फर्निचर | १ | ४८५००० |
| १५ | आलेखेत कुलो मर्मत | १ | १२८००० |
| १६ | क्रिष्चियन धर्मालम्वीलाई संस्कृति प्रबर्दन | १ | २००००० |
| १७ | महिला उद्दमशिलता प्रगतिशिल महिला समुह | १ | ५०००० |
| जम्मा | | | ५४००००० |

बजेट अवण्डा राखी गाउँसभाबाट स्वीकृत नभएका १७ योजनहरुमा गाउँपालिका प्रमुख तथा उपप्रमुखको निर्णयबाट रु. ५४,००,०००। खर्च भएकोमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ७३ (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाइने व्यवस्था विपरित पालिका प्रमुख तथा उपप्रमुखको निर्णयबाट भएको खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सि. नं . | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६१४०००० | २७९५४२३६ | ५.१३ |
| २ | पूर्वाधार विकास | १६३४२६७८२ | १२४३४६९५८ | २२.८२ |
| ३ | सामाजिक विकास | २९५४७३३१८ | २७३५७९०२२ | ५०.२२ |
| ४ | बातावरण तथा विकास | ५००००० | ५००००० | ०.०९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २१८९१००० | १८२६९०४८ | ३.३५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३२१५२९०० | १००५८८६८५ | १८.४६ |
| | जम्मा | ६४९५८४००० | ५४५२३७९४९ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५०.२२ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा अर्थात ३.५३ प्रतिशत खर्च रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

## १२ **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २४९५६ | १२४ | १२५८६ | ११२७८ | ९६८ | ३४०६ |
| २ | प्रदेश पूँजीगत | २६५९३ | १००० | ७०९६ | १२००० | ६४९६ | १२६७६ |
| ३ | गाउँपालिका पूँजीगत | ९८२७१ | ४२९४ | २२८३१८ | २१३१३ | ३४३४६ | २८२८७ |
| | कूल खर्च | १४९८२० | १५४१८ | ४८००० | ४४५९१ | ४१८१० | ४४३६९ |
| | खर्च प्रतिशत | | १०.२९ | ३२.०३ | २९.७६ | २७.९ | २९.६१ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फमात्र वार्षिक रु. १४ करोड ९८ लाख २० हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु.१ करोड ५४ लाख १८ हजार (१०.२९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४ करोड ८० लाख(३२.०३ प्रतिशत) तेस्रो त्रैमासिकमा रु. ४ करोड ४५ लाख ९१ हजार (२९.७६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.४ करोड १८ लाख १० हजार (२७.९० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ४३ लाख ६९ हजार (२९.६१ प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलत हुने गरी कार्य गरिनुपर्दछ ।

## १३ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा वाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १८६४१८००० | १७९४६८२३६ | ६९४९७६४.०४ |
| | विषेश | १६२७७७६४ | १६२७७७६४ | ० |
| | समपुरक | ४६९८२०० | ४६९८२०० | ० |
| जम्मा | | २०७३९३९६४ | २००४४४१९९.९६ | ६९४९७६४.०४ |
| प्रदेश सरकार | शसर्त | १७२५४००० | १५६८२९१८ | १५७१०८२ |
| | विषेश | १०००००००० | ७२९८२८४ | २७०१७१६ |
| | समपुरक | २०००००००० | १९१९२२८७ | ८०६७१३ |
| जम्मा | | ४७२५४००० | ४२१७३४८९ | ५०७९५११ |
| कुल जम्मा | | २५४६४७९६४ | २४२६१७६८८.९६ | १२०२९२७५ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. २० करोड ७३ लाख ९३ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. २० करोड ४ लाख ४४ हजार बजेट खर्च भइ बाँकी रु. ६९ लाख ५० हजार मिति २०८१।३।२४ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु.४ करोड ७२ लाख ५४ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु.४ करोड २१ लाख ७३ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु. ५० लाख ७९ हजार मिति २०८१।३।२४ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

१४ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१५ **योजना छनौट र कार्यान्वयन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ४४ | ५०८०००० |
| २ | रू.१ लाख देखि रू.५ लाख सम्मका योजना | ११५ | ३१५०००००० |
| ३ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | १३ | ७०४०००० |
| ४ | रू.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना | १५ | १६४०००००० |
| ५ | रु.२० लाख भन्दा माथिका योजना | १९ | २२११८९००० |
| | जम्मा | २०६ | २८१२०९००० |

उपर्युक्त विवरण अनुसार पालिकाले १ लाख भन्दा कमका योजना ४४, १ लाख देखि ५ लाख सम्मका योजना ११५, ५ लाख देखि १० लाख सम्मका योजना १३, १० लाख देखि २० लाख सम्मका योजना १५ र २० लाख देखि माथिका योजना १९ गरी २०६

योजनामा २८ करोड १२ लाख ९ हजार विनियोजन गरि साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत तथा निर्माण कार्यको गुणस्तरमा समेत विचार गरी पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **ठेक्का बन्दोवस्त -**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता (रु.हजारमा) | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ११ | ६९८०८ | ६ | ४९४०३ | २ | ९७२८ | ३ | ७६८६ | ११ | ६९८०८ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू. ६ करोड ९८ लाख ८ हजार लागतको ११ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.४ करोड ९४ लाख ३ हजारको ६ ठेक्का, दोश्रो चौमासिकमा रु. ९७ लाख २८ हजारको २ ठेक्का र तेश्रो चौमासिकमा रु. ७६ लाख ८६ हजारको ३ ठेक्का व्यवस्थापन भएको देखिन्छ ।साथै ठेक्का व्यवस्थापन मार्फत गरेका योजनाहरु आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न भएको देखिन्छ।

१७ **ठेक्का प्रतिस्पर्धा -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३.६७ देखि ४५.८३ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट सहित ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
| १ | लप्से साँकोष सडक | १२ | १४५६२ | ९४०१ | ३५.४३ | ईन्द्र एण्ड सन्स |
| २ | धोविखोला अमले सडक | १५ | ७९९९ | ४४५७ | ४४.२८ | आर.जि.एण्ड ग्रुप |
| ३ | धोविखोला अमले सडक | १३ | १९९९९ | १०८३४ | ४५.८३ | आर.जि.एण्ड ग्रुप |
| ४ | पोखरेखोला जरेबगैचा सडक | १७ | १९९९९ | १०९८५ | ४५.०७ | मेनका कन्स्ट्रक्सन |
| ५ | पिण्डेश्वरी मा.वि | | ५५७८ | १०५६७ | ३२.१७ | रोमन एण्ड रिता |
| ६ | आदर्श मा.वि | ११ | ९६१७ | ६१५९ | ३८.४ | रक्तदेवि विल्ड ग्रुप |
| ७ | सानोबाँङ्गे ठुलो बाङ्गे खानेपानी | १ | ९७३९ | ६६९९ | ३१.२१ | पल्भिस कन्स्ट्रक्सन |
| ८ | मरणघाट निर्माण | ४ | ४९९६ | ३०२९ | ३९.३६ | निभा विल्डर्स |
| ९ | मुलाखर्क खानेपाणी योजना | २ | १९९९ | १९४० | २.९५ | पल्भिस कन्स्ट्रक्सन |
| १० | त्रिशुली नदी राईगाउ लिफ्ट सिंचाई | २ | २४९७ | २३३१ | ६.६६ | भैरबी कन्स्ट्रक्सन |
| ११ | जरे रिमलटार पुकुन सडक | ३ | ३८१७ | ३६७७ | ३.६७ | सन्तानेश्वर कन्स्ट्रक्सन |

लागत अनुमान भन्दा ४५.८३ प्रतिशत घटीमा काम गर्दा तोकिएको गुणस्तरमा काम सम्पन्न भयो भएन एकीन गर्न सकिएन ।

१८ **निर्माण कार्य व्यवस्थापन -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २०६ | ११ | ६९८०८७९५ | १९५ | ६१९७२००० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २०६ योजनामा मध्ये ठेक्का मार्फत ११ वटा योजनामा रु. ६ करोड ९८ लाख ०८ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १९५ योजनामा रु. ६ करोड १९ लाख ७२ हजार खर्च गरेको छ । अर्थात २०६ योजनामा भएको खर्च मध्ये ५२.९७ प्रतिशत ठेक्का प्रक्रिया र ४७.०३ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक ग्रावेल १२००० घनमिटर र नयाँ ट्र्याक १८ किलोमिटर कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१९ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **परामर्श सेवा खरिद -**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु. १८,८९,०००- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | भानुभक्त मावि भवन | नब्य कन्सल्टेन्ट प्रालि | ३००००० | २९९००० | ०.३३ | कोटेशन |
| २ | फोहोर मैला केन्द्र व्यवस्थापन (डि.पि.आर. तथा आ.ई.ई समेत) | एडन ईन्जिनियरिङ सोलुसन | १६००००० | १५९०००० | ०.६३ | गुणस्तर तथा लागत बिधी |
| जम्मा | | | १९००००० | १८८९००० | ०.५८ | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष परामर्श सेवा लगायतका कार्यमा सोझै खरिद र गुणस्तर तथा लागत विधिबाट २ वटा सेवा खरिदका लागि जम्मा रु. १९ लाख को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. १८ लाख ८९ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.५८ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दा पालिकाको जनशक्तिको विश्लेषण, परामर्श सेवाको आवश्यकता विश्लेषण गरी खरिद गर्नुपर्नेमा सो गरेको पाइएन ।परामर्श सेवा लिइसकेपछि सो प्रतिवेदनको कार्यान्वयनको अवस्था के रहेको छ एकिन गर्न सकिएन ।

२१ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

ख) प्राविधिक विल र कार्यसम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट

गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

घ) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समययमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

ङ) लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

च ) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

२२ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु.१४ करोड ९८ लाख २० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२४ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फस्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ११ | १४ | २५ | २० | ५ |

उपरोक्त विवरण अनुसार गत वर्षका ११ मुद्दा टुङ्गो लगाउन बाँकी रहेकोमा यस वर्ष नयाँ १४ मुद्दा दर्ता भई २५ मुद्दा रहेकोमा २० मुद्दा फस्यौंट भई यस आर्थिक वर्षको अन्त्यमा ५ मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउन तर्फ ध्यान दिनुपर्दछ ।

२५ **कानुन निर्माण** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | १ |
| २ | कार्यविधि तथा निर्देशिका | १८ |
| ३ | नीति | २ |
| | जम्मा | २१ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १ ऐन, १८ कार्यविधि तथा निर्देशिका र २ नीति गरी जम्मा २१ वटा कानुन निर्माण गरेको छ । यसरी निर्माण भएका ऐन तथा नीति राजपत्रमा प्रकाशन भएको भएता पनि सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधी पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२६ **सेवा प्रवाहको स्थिति** -

पालिकाले यस आर्थिक वर्ष जन्मदर्ता ४४६४, मृत्यु दर्ता १००४, बसाईसराई दर्ता ६५८, विवाह दर्ता १७६८, सम्बन्ध विच्छेद दर्ता ९३ गरी ७९८७ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भूमिहिन दलित २३, भुमिहिन सुकुम्वासी २८, अव्यवस्थित बसोवास ५१ गरी १०२ जना भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन गरेको छ ।

२७ **दरबन्दी र पदपूर्ती** -

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र सं | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दि | पदपूर्ति | | पदपूर्ती हुन बाकी | स्थायी पदपूर्तिको लागि बाकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सामान्य प्रशासन | | १ | १ | ० | ० | ० |
| २ | इन्जिनियर | ७। ८ | इन्जि | सिभिल | | १ | १ | | ० | ० |
| ३ | अधिकृत | ७। ८ | शिक्षा | शि प्र | | १ | १ | ० | ० | ० |
| ४ | अधिकृत | ७। ८ | प्रशासन | लेखा | | १ | १ | ० | ० | ० |
| ५ | अधिकृत | ६। ७ | प्रशासन | सामान्य प्रशासन | | २ | १ | ० | १ | १ |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ | प्रशासन | लेखा | | १ | १ | ० | ० | ० |
| ७ | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | | ७ | ४ | ० | ३ | ३ |
| ८ | कम्प्यूटर अपरेटर | ५ | विविध | विविध | | १ | १ | | ० | ० |
| ९ | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ | १ | ० | ० | ० |
| १० | प्रा स | ५ | शिक्षा | शि प्र | | १ | ० | ० | १ | १ |
| ११ | हे अ | ५। ६ | स्वास्थ्य | हे इ | | १ | १ | ० | ० | ० |
| १२ | सव इन्जिनियर | ५ | इन्जिनियर | सिभिल | | ४ | १ | | ३ | ३ |
| १३ | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | | ५ | १ | ० | ४ | ४ |
| १४ | अ सव इन्जिनियर | ४ | इन्जिनियर | सिभिल | | ६ | १ | २ | ३ | ५ |
| १५ | स महिला विकास निरीक्षक | ४ | विविध | | | १ | १ | ० | ० | ० |
| १६ | खा पा स टे | ४। ५ | इन्जिनियर | सिभिल | स्यानिटरी | १ | १ | ० | ० | ० |
| गाउँकार्यपालिकाको कार्यालय र वडा तर्फ जम्मा | | | | | | ३५ | १८ | २ | १५ | १७ |
| भेटनरी तर्फ | | | | | | | | | | |
| १ | अधिकृत | ८। ९ | कृषि | लापोडेडे | | १ | ० | ० | १ | १ |
| २ | सहायक | ५ | कृषि | भेट | | १ | १ | | ० | ० |
| ३ | सहायक | ५ | कृषि | लापोडेडे | | १ | १ | ० | ० | ० |
| ४ | सहायक | ४ | कृषि | भेट | | १ | ० | ० | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सहायक | ४ | कृषि | लापोडेडे | | १ | ० | ० | १ | १ |
| जम्मा | | | | | | ५ | २ | ० | ३ | ३ |
| कृषि तर्फ | | | | | | | | | | |
| १ | अधिकृत | ७।८ | कृषि | | | १ | १ | ० | ० | |
| २ | सहायक | ५ | कृषि | | | २ | १ | ० | ० | |
| ३ | सहायक | ४ | कृषि | | | १ | १ | ० | ० | |
| जम्मा | | | | | | ४ | ३ | ० | ० | |
| कुल जम्मा | | | | | | ४४ | २३ | २ | १८ | २० |

पालिकाबाट प्राप्त विवरण अनुसार कुल ४४ दरवन्दी स्वीकृत भएकोमा २३ स्थायी, २ करार गरी २५ पदपुर्ति भएकोमा १८ पद रिक्त रहेको देखिन्छ ।दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन पालिकाले ध्यान दिनुपर्दछ ।

२८ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** -

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ४४ जना स्थायी कर्मचारीलाई रु.२,९५,२७,३३२।०० तलब भुक्तानी गरेको छ अत: कर्मचारी तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ ।

२९ **कर्मचारी व्यवस्था** -

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक २८ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १०६४९५८० तलब भत्ता भुक्तानी गरेको पाइयो ।जस मध्ये २६ जना दरबन्दी भन्दा बाहिरका रहेका छन । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | मासिक तलव भत्ता दर रु. | वार्षिक तलब भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| असिष्टेन्ट सव इन्जिनियर | २ | ३२४०२ | ८६२४५२ | दरवन्दी भित्र करार |
| जम्मा | २ | | ८६२४५२ | |
| अभिलेख प्रशासक | १ | ३४७३० | ४६१४९० | दरवन्दी भन्दा बाहिरका करार |
| न्यायिक सहजकर्ता | १ | ३४७३० | ४६१४९० | |
| कम्प्यूटर अपरेटर | १ | ३२,५७२ | ४३३४३६ | |
| सहायक कम्प्यूटर अपरेटर | ११ | २२००० | ३२५६००० | |
| सामाजिक परिचालक साविक जिविसबाट ३ र पालिकाले ७ जना करारमा नियुक्ती | १० | ३२४०२ | ४३१२२६० | |
| ना प्रा सा कृषि | २ | ३२४०२ | ८६२४५२ | |
| जम्मा | २६ | | ९७८७१२८ | |
| कुल जम्मा | २८ | | १०६४९५८० | |
| | | | अनियमित भएको | ९७,८७,१२८ |

३० **नक्सा दर्ता र पास** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | २०८०।२०८१ | ३१ | २७ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा ३१ वटा नयाँ नक्सा दर्ता र २७ वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पास र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

३१ **अवकास कोष** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुदा योगदानमा आधारित उपदान वा निवृतिभरण औषधी उपचार लगायतको सुविधा उपलब्ध गराउनका लागी दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाइपाई आएको तलवबाट १० प्रतिशत कट्टा गरी अवकास कोषको व्यवस्था गरीने भनिएता पनि पालिकामा अवकास कोष स्थापना भएको पाइएन।

३२ **आर्थिक सहायता** –

पालिकाले यस वर्ष संघीय सशर्त अनुदान बाट दीर्घरोगीहरुको लागी रु.१०९९००० तथा पालिकाले विपन्न असहाय विपद व्यवस्थापन लगायतमा रु.५००० देखि रु.२०००० सम्म आर्थिक सहायता प्रदान गर्ने गरी यस वर्ष रु.१४७८६७७ समेत गरी रु.२५७७६७७ आर्थिक सहायता वितरण गरेको छ ।

३३ **सहकारी संस्थाको विवरण** -

सहकारी ऐन २०७५ अनुसार पालिका अन्तर्गत दर्ता भएका सहकारीहरुको विवरण देहायबमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | १ | १७५ | ९०००० | ८६०४९७ | १९५५६७४ | ० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ४ | १३२७ | ४२५४१०० | १२९०२७०२ | १५७००२९६ | ० |
| कृषि सहकारी संस्था लि. | १३ | ३४८१ | ३०२०७७०० | ५७६५०८६५ | १३२६१८२७७ | ० |
| अन्य | २ | १४५२ | ८७८०२५४ | ८५५७६७३ | ६२२१६४९ | |
| जम्मा | २० | ६४३५ | ४४१४२०५४ | ७९९७१७३७ | १५६४९५८९६ | |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र २० वटा सहकारी संस्था ६४३५ वचतकर्ता रहेका छन ।उक्त सहकारी संस्थाहरुमा वचतकर्ताको रु ४४१४२०५४ को शेयर पूँजी रु. ७९९७१७३७ वचत रकम तथा रु. १५६४९५८९६ ऋण लगानी रहेको छ । यसरी पालिका अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरुको अनुगमन पालिकाले गरेको देखिदैन ।सहकारी संस्थाका सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न र मापदण्ड अनुसार संचालन गर्न पालिकाले सूक्ष्म अनुगमन गर्नु पर्ने देखिन्छ ।

३४ **अन्य संस्था सहायता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष रु ६ लाख ३७ हजार देहायका संस्थालाई अनुदान दिएको देखियो ।

| संस्थाको नाम | प्रयोजन/कार्यक्रम | रकम |
|---|---|---|
| गजुरी ब्याडमिण्टन कल्व | कार्यक्रम | १५०००० |
| गजुरी सामुदायिक बिकास समाज | कार्यक्रम | २१७९८० |
| गलौदी युवा कल्व | कार्यक्रम | ७५००० |
| जापान गुरुरियो कराते रो | कार्यक्रम | १००००० |
| नेपाल रेडक्रस सोसाईटी धादिङ | कार्यक्रम | ९४००० |
| जम्मा | | ६३६९८० |

यसरी अनुदान दिँदा जनताको जिवनस्तरमा सुधार हुने र रोजगारी सृजना हुने कार्यमा स्पष्ट मापदण्ड निर्धारण गरि अनुदान दिनुपर्ने देखिन्छ ।

३५ **कर्मचारी प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाको शर्त र सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकामा कार्यरत कर्मचारीलाई गाउँ सभाको निर्णयानुसार शुरु तलबको ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता भुक्तानी गर्दा यस वर्ष रु.१७६२७८७ प्रोत्साहन भत्ता खर्च गरेको छ ।जुन आन्तरिक आयको १२.६२ प्रतिशत हुन आउँछ । यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई समेत विचार गरि सूचक निर्धारण गरि कानून बमोजिम खर्च लख्नुपर्दछ ।

३६ **अध्ययन अवलोकन भ्रमण खर्च -**

यस वर्ष पालिकाका अन्तर्गतका ३ वटा वडा कार्यालयका २७ जना कर्मचारी तथा जनप्रतिनिधि तथा स्वास्थ्य तर्फका ५९ जना कर्मचारी समेत ८६ जनाले नेपालको विभिन्न भागमा स्थानीय तहले विभिन्न क्षेत्रमा गरेको विकास निर्माण लगायतका पूर्वाधार विकास, पर्यटकीय क्षेत्र तथा स्वास्थ क्षेत्रको असल अभ्यास अवलोकन गरी अवलोकन भ्रमणमा रु.७,२१,७४१।- खर्च गरेको देखिएको छ।उक्त भ्रमणबाट सिक्ने पक्ष विकास निर्माण र स्वास्थ्य तथा पर्यटकीय क्षेत्रको असल अभ्यास रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्वन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन भने यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| कार्यालयको नाम | भ्रमणमा जानेको संख्या | स्थान | भ्रमण अवधि | उद्देश्य | खर्च रकम |
|---|---|---|---|---|---|
| स्वास्थ्य तर्फको कर्मचारी | ५९ | कास्की | २०८०।८।१४ देखि २०८०।०८।१९ | घान्द्रुक स्वास्थ्य चौकी तथा हेम्जा स्वास्थ्य चौकीको असल अभ्यासको अवलोकन | २००००० |
| १ नं वडा कार्यालय | ९ | चितवन नवलपरासी लुम्बिनी दाङ प्यूठान | २०८०।९।९ देखि २०८०।९।११ | विकास निर्माण तथा पर्यटकीय स्थलहरुमा भएको विकासको असल अभ्यास आदान प्रदान | १३६७४१ |
| २ नं वडा कार्यालय | ८ | दोलखा सिन्धुली सर्लाही र चितवनका विभिन्न स्थान | २०८०।११।२५ देखि २०८०।११।२८ | विकास निर्माण तथा पर्यटकीय स्थलहरुको अवलोकन तथा असल अभ्यास आदान प्रदान | १८५००० |
| ३ नं वडा कार्यालय | ९ | तनहुँ कास्की म्याग्दी मुस्ताङ | २०८०।९।२६ देखि २०८०।९।२९ | विकास निर्माण तथा पर्यटकीय स्थलहरुको अवलोकन तथा असल अभ्यास आदान प्रदान | २००००० |
| जम्मा | | | | | ७,२१,७४१ |

३७ **स्वास्थ्य तर्फको दरबन्दी पदपूर्ति** -

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/ चौकी | ९ | १९ | ५३ | ७१९४२ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ९ स्वास्थ्य केन्द्र/चौकीमा कुल १९ दरबन्दी रहेकोमा हाल १८ पद स्थायी र ३५ पद करार मार्फत पुर्ती गरी यस वर्ष ७१९४२ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

३८ **गा.पा. चालु स्वास्थ्य** -

स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य नियमावली अनुसार आवश्यकताको आधारमा जनशक्ति पदपुर्ति गरिनु पर्दछ। आधारभुत स्वास्थ्य संस्था तथा स्वास्थ्य चौकीहरुमा हाल वहाल रहेको जनशक्तिले नपुग भएको भनि दरवन्दी भन्दा वाहिरका ३० जना स्वास्थ्यकर्मीहरु राखी तलव वापत रु.९०,७५,७८१।- र पोशाक भत्ता रु.३,००,०००।- गरी रु.९३,७५,७८१।- खर्च लेखेकोमा दरवन्दी भन्दा वाहिरका स्वास्थ्यकर्मी राखी खर्च गरेको नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९३,७५,७८१ |

३९ **औषधि खरिद** -

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम १ ( क ) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझौ खरीद गर्न

सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन नगरी सोझै विधिबाट रु ३७,००,०००। को खरीद गरेको छ ।यसबाट आपुर्ति हुने औषधी डब्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत वीज्ञबाट मुचुल्का उठाइ राख्ने नगरेको , आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन । औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

४० **अनुदान व्यवस्थापन-**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १८ | ८०००००० |
| २ | पशु तर्फ | ९ | २०००००० |
| जम्मा | | | १०००००००० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष कृषि तर्फ १८ कार्यक्रममा रु ८० लाख तथा पशु तर्फ ९ कार्यक्रममा रु २० लाख गरी २७ कार्यक्रममा रु १ करोड वितरण गरेकोमा ति लाभग्राही समुदायले अनुदानको उपयोग कसरी गरेका छन, अनुदान दिइसकेपछि उत्पादन र उत्पादकत्वमा के कस्तो असर परेको छ सो सम्बन्धमा पालिकाबाट अनुगमन हुने गरेको पाइएन ।

४१ **कृषि सामाग्री खरीद सम्वन्धमा -**

सार्वजनिक खरीद नियमावली , २०६४ को नियम (८५)१ सार्वजनिक निकायले १० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य , मालसमान सोझौ खरीद गर्न सकिने व्यवस्था अनुसार पालिकाले यस वर्ष निम्नानुसारका कृषि सामाग्री हरु खरीद गरी तोकिएको प्रतिशतका आधारमा सम्वन्धित सामान उपलव्ध गराएको पाइयो । यस वर्ष सोझै खरीद रु.३३,९४,०००।- को गरेकोमा पालिकावाट रु.१९,७७,५००।- भुक्तानि भएको छ भने कृषकहरुको लागत सहमागिता रु.१४,१६,५००।- रहेको छ ।

| सामाग्रीको नाम | स्पेशिफिकेशन | संख्या | मुल्य | अनुदान प्रतिशत | जम्मा रकम | गाउँपालिका मार्फतको रकम | कृषकहरुको लागत साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| मिनिटिलर | डिजेल ७ एच.पि. १७८ एफ. एस.के.टि. ब्रान्ड | ३ | ५४००० | ५० | १६२००० | ८१००० | ८१००० |
| कम्बईन राईस मिल | एस.के.टि. ब्रान्ड | २२ | ४०००० | ५० | ८८०००० | ४४०००० | ४४०००० |
| च्याप कटर | भारती | ३ | ३८००० | ७५ | ११४००० | ८५५०० | २८५०० |
| स्प्रेयर २ ईन १ | १६ लि. भारती सुरक्षात्मक सामाग्री सहित | ८ | ५००० | ७५ | ४०००० | ३०००० | १०००० |
| मौरी घार | टुणीको काठ | २१० | ४००० | ७५ | ८४०००० | ६३०००० | २१०००० |
| मिनिटिलर | पेट्रोल ७एच.पि. १७८ एफ. एस.के.टि. ब्रान्ड | २५ | ४०००० | ५० | १०००००० | ५००००० | ५००००० |
| डिजिटल तराजु | १५० केजी तौल जोख्ने | ७ | १४००० | ५० | ९८००० | ४९००० | ४९००० |
| कर्न सेलर | २२०० वाट २ इन १ | ११ | १२००० | ५० | १३२००० | ६६००० | ६६००० |
| मकै रोप्ने मिसीन व्हेवल | व्हेवल गुडाउने | ८ | १६००० | ७५ | १२८००० | ९६००० | ३२००० |
| जम्मा | | | | | ३३९४००० | १९७७५०० | १४१६५०० |

यस्ता सामन खरिद गर्दा सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ अनुसार प्रतिस्पर्धाका आधारमा खरीद गरिनु पर्दछ ।

४२ **सामाजिक सुरक्षा फिर्ता बाँकी -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२१,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४३ **सामाजिक सुरक्षा भत्ता वितरण -**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि ,२०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहिलाई देहाय अनुसार भत्ता वितरण गरेको छ।

| किस्ता | निकासा | वितरण | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २८१७६७८८ | २८१२७७३७ | २८४२ | |
| २ | २८४०८८३८ | २८२९४१९६ | २८६७ | EFT |
| ३ | २८३९३१७४ | २८३८४५०४ | २९७८ | EFT |
| ४ | २८६८७०३५ | २८६७४९४९ | २८९८ | EFT |
| जम्मा | ११३६६५८३५ | ११३४८१३८६ | | |
| फिर्ता गरेको | | | | |
| २०८०।१२।१ | | | | १३०१६४ |
| २०८०।१२।२ | | | | १५४९२ |
| २०८०।१२।४ | | | | १५७६९ |
| जम्मा फिर्ता | | | | १६१४२५ |

४४ **फरक शिर्षकमा खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चितकोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले पालिका अन्तर्गतको शिर्षकबाट खर्च लेख्नुपर्नमा संघीय सर्शत तर्फको शिर्षकबाट खर्च लेखेको देखिएकोले निम्न बमोजिमको रकम संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. /मिति | संघीय सशर्त कार्यक्रमको नाम | गाउपालिका अन्तर्गतका कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| ३१३।२०८१।३।३ | पोषण विशेष क्षेत्र कार्यक्रम | चेपाङ किशोरी छात्रावास सञ्चालन तथा व्यवस्थापन | ११२००० |
| | आयूर्वेद स्वास्थ्य सेवा कार्यक्रम | | ५१०२५ |
| | नवजात शिशु कार्यक्रम | | ७८८६५ |
| जम्मा | | | २४१८९० |

| प्रमाण पेश नगरेको | २,४१,८९० |
|---|---|

४५ **विद्यालय र विधार्थी संख्या -**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४६ | ५५२५ |
| २ | संस्थागत विद्यालय | ३ | १०४७ |
| | जम्मा | ४९ | ६५७२ |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ४९ विद्यालयमा जम्मा विधार्थी संख्या ६५७२ रहेकोमा ८४ प्रतिशत सामुदायिक र १६ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

४६ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -**

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ४६ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/ करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १८० | ९८ | ८१ | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १८० दरबन्दी रहेकोमा ९८ जना स्थायी पदपूर्ती र ८१ जना राहत/करारमा नियुक्त गरी जम्मा १७९ पदपूर्ती गरेको देखिन्छ भने १ पद रिक्त रहेको छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७ **शिक्षक विद्यार्थी अनुपात** -

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८१ बैशाखमा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क.स | विद्यालयको नाम | शिक्षक दरबन्दि | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | महेन्द्रोदय मा.वि | १२ | ३१० | १:२६ |
| २ | नवज्योति आ.वि | १ | ३५ | १:३५ |
| ३ | छेपाङ मा.वि | ४ | २२५ | १:५६ |
| ४ | बतासे आ.वि | ३ | २७ | १:९ |
| ५ | कंकालिनी आ.वि | ४ | १६८ | १:४२ |
| ६ | भुमेकाली आ.वि | ५ | ११६ | १:२३ |
| ७ | पत्तालिनी आ.वि | ६ | १७४ | १:२९ |
| ८ | जनजागृति आ.वि | ३ | ४३ | १:१४ |
| ९ | जनचेतना आ.वि, रातमाटे | १ | २४ | १:२४ |
| १० | बागेश्वरी आ.वि, चालिसे | २ | ३७ | १:१९ |
| ११ | केउरिनी आ.वि | ० | १३ | ० |
| १२ | आदर्श मा.वि | २३ | ८७२ | १:३८ |
| १३ | भद्रकाली गुरुकुल संस्कृत बेद विद्याश्रम | ० | २३ | ० |
| १४ | सुन्दर आ.वि | १ | ३६ | १:३६ |
| १५ | पन्चकन्या आ.वि, ठुलोबांगे | १ | ३२ | १:३२ |
| १६ | बागेश्वरी आ.वि, पुराक्सिङ | ० | २६ | ० |
| १७ | किरान्चोक मा.वि | १३ | २५३ | १:१९ |
| १८ | सेतीदेवी आ.वि | २ | ५१ | १:२६ |
| १९ | किरान्चोक कटुन्जे मा.वि | ११ | १८९ | १:१७ |
| २० | पन्चकन्या आ.वि, स्यामीडाडा | ५ | ११३ | १:२३ |
| २१ | रिठुका आ.वि | ३ | ६४ | १:२१ |
| २२ | रक्तकाली आ.वि | १ | १६ | १:१६ |
| २३ | रिठ्ठाबोटे आ.वि | २ | ६३ | १:३२ |
| २४ | सप्ताकन्या आ.वि | ४ | ६३ | १:१६ |
| २५ | थुम्कीडाडा मा.वि | ४ | २७१ | १:६८ |
| २६ | बागेश्वरी आ.वि, पेटारे | ३ | १३९ | १:४६ |
| २७ | भुमेश्वरी बाविके | ० | ६ | ० |
| २८ | गणेशस्थान बाबिके | ० | ५ | ० |
| २९ | जुनतारा आ.वि | ३ | ९३ | १:३१ |
| ३० | डोलभन्ज्याङ मा.वि | १५ | ५२१ | १:३५ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | इन्द्रायणी आ.वि | ६ | १७५ | १:२९ |
| ३२ | गजुरी पिडा मा.वि | १० | २४६ | १:२५ |
| ३३ | पिन्डेश्वरी मा.वि | ५ | ३५१ | १:३५ |
| ३४ | पुकुन आ.वि | २ | ५३ | १:२७ |
| ३५ | जल कन्या आ.वि | २ | ९४ | १:४७ |
| ३६ | माने भन्ज्याङ आ.वि | ३ | ११ | १:४ |
| ३७ | महादेव आ.वि | ३ | ७४ | १:२५ |
| ३८ | सरस्वति आ.वि | ४ | ६८ | १:१७ |
| ३९ | भानुभक्त मा.वि | ८ | २३९ | १:३० |
| ४० | जलदेवी आ.वि | १ | ३० | १:३० |
| ४१ | कालिका आ.वि | २ | ६५ | १:३३ |
| ४२ | संतानेश्वर बाबिके | ० | ११ | ० |
| ४३ | बाघसुन्दर आ.वि | ० | ८ | ० |
| ४४ | जनचेतना आ.वि | २ | ५७ | १:२९ |
| ४५ | जीवनज्योति बाबिके | ० | २२ | ० |
| ४६ | बेलेश्वारी बाबिके | ० | १३ | ० |
| जम्मा दरवन्दी संख्या | | १८० | ५५२५ | १:३१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४६ वटा विद्यालयमा १८० जना शिक्षक र ५,५२५ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:३१ रहेको छ । श्री पिण्डेश्वर माध्यामिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:७० रहेको छ त्यसैगरी श्री माने भन्ज्याङ आधारभूत विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:४ रहेको छ भने ९ वटा विद्यालयमा ईसिडी सञ्चालन गरेकोले शिक्षक विद्यार्थी अनुपात देखिएको छैन ।कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

४८ **प्रति विद्यार्थी लागत** -

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १७१२३६००० | १६७३३७००० | ५५२५ | ३०२८७ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ३०२८७।– रहेको छ ।

४९ **संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमन** -

गजुरी गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा २६ मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको पालिकाले अनुगमन गर्ने व्यवस्था छ । संस्थागत विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन हुने गरेको पाइएन।

५० **शैक्षिक गुणस्तर** –

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २९० विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जि.पि.ए. | सहभागी विद्यार्थी संख्या | | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | संस्थागत | सामुदायीक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | २६ | २६४ | ५ | २ | १९ | १ प्रतिशत भन्दा कम |
| २ | ३.२१ - ३.६० | | | १३ | ९ | ५० | ३.४ |
| ३ | ३. २१ भन्दा कम | | | ७ | ९१ | २६.९२ | ३४.४६ |
| | जम्मा | २९० | | २५ | १०२ | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जि.पि.ए. ल्याउने ७ विधार्थी मध्ये ५ जना संस्थागत र २ जना समादयिक, ३.२१ - ३.६० जि.पि.ए. ल्याउने २२ विधार्थी मध्ये १३ जना संस्थागत र ९ सामुदायिक र ३.२१ भन्दा कम जि.पि.ए. ल्याउने ९८ विद्यार्थी मध्ये ९१ सामुदायिक र ७ संस्थागत विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ ।जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएको तथा सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३०,२८७।– रहेकोमा उत्तिर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

५१ **आन्तरिक श्रोत शिक्षक व्यवस्थापन -**

संघ सरकारको श्रोतबाट शिक्षकहरुको तलब भत्ता भुक्तानी भै सकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी पालिका अन्तर्गतका ४६ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत र माध्यमिक तहमा ५५ शिक्षकलाई करार सम्झौता नगराई नीजि शिक्षकको रुपमा पदस्थापन गरेको छ । पालिकाले यस वर्ष वित्तिय समानीकरण अनुदानबाट नीजि शिक्षकको तलबमा कूल १,२०,०३,०००।०० खर्च लेखेको छ ।नीजि स्रोत शिक्षक करारमा नियूक्ति गर्दा विद्यालयमा विद्यार्थी संख्या, शिक्षण सिकाइ आवश्यकता, विषय विज्ञ शिक्षक जस्ता विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी खर्च लेखेको छ ।यसरी आन्तरिक श्रोत शिक्षक व्यवस्थापन गर्दा शैक्षिक गुणस्तर वृद्धि भयो भएन, व्यवसायिक शिक्षा गुणस्तरमा वृद्धि भयो भएन सोको अनुगमन गरिनुपर्दछ ।

५२ **स्यानिटरी प्याड खरिद -**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. ११७।२०८०।१२।१ बाट ४११८ प्याकेट स्यानिटरी प्याड रु. ७५।२२ का दरले अर्निङ एक्सपोर्ट इम्पोटबाट रु ३५०००० , भौ.नं. २३०।२०८१।१।२५ बाट ८२०० प्याकेट प्रति प्याकेट रु. १०६।२० का दरले रु. ९८४०४९ गरी १२३१८ प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु. १३३४०४९ - भुक्तानी गरेको देखिन्छ । कार्यविधिले खरिद गरेको प्याड विद्यालयलाई भरपाई गराएर वितरण गरेको देखिएता पनि उक्त प्याड सबै यस आर्थिक वर्षमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरेको देखिएन ।सम्बन्धित विद्यार्थीले कार्यविधि बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रयोगको अवस्था सुनिश्चित हुनुपर्ने देखिन्छ ।

५३ **दिवा खाजा -**

शिक्षा विज्ञान तगा प्रविधि मन्त्रालय मानव श्रोत विकास केन्द्रबाट प्रकाशित आर्थिक वर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको कम्पोनेन्ट नम्वर २.७.११.१ राष्ट्रिय स्तरमा देखिने अनुपस्थिति दर विद्यालय छाड्ने दर लगायतलाई आधार मानि प्रति विद्यार्थी वार्षिक रुपमा १८० दिनका दरले स्थानीय तहले सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीका लागि विद्यार्थीको उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५ का दरले दिवा खाजा कार्यक्रमको रकम

निकासा हुने व्यवस्था छ। निम्नानुसारका विद्यालयहरुमा विद्यार्थीहरुको हाजिरी दिन भन्दा बढी निकासा गरेको देखिएकोले बढी निकासा भएको रकम असूल गर्नुपर्ने रु.

| सिनं | विद्यालयको नाम | निकासा भएको रकम | भरपाई अनुसार निकासा हुनुपर्ने रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | बतासे आधारभूत विद्यालय | ८९७७५ | ८४८८० | ४८९५ |
| २ | पत्तालिनी आधारभूत विद्यालय | ४३१३२५ | ३८३७८५ | ४७५४० |
| ३ | जनचेतना आवि रातमाटे | ७७६२५ | ७६३८० | १२४५ |
| ४ | बागेश्वरी आधारभूत विद्यालय | ९३८२५ | ९०४५५ | ३३७० |
| ५ | बेलेश्वरी बाल विकास केन्द्र | ३७८७५ | २४६७५ | १३२०० |
| ६ | रिठुका आधारभूत विद्यालय | १६२६७५ | १५९९७६ | २६९९ |
| ७ | रक्तकाली आधारभूत विद्यालय | ४२५२५ | ३८१९० | ४३३५ |
| ८ | रिङ्गाबोटे आधारभूत विद्यालय | २२१४०० | २०८३७० | १३०३० |
| ९ | सप्ताकन्या आधारभूत विद्यालय | १६६७२५ | १५४६१७ | १२१०८ |
| १० | डोलभञ्जाङ माध्यामिक विद्यालय | ८४३०७५ | ७४४५१० | ९८५६५ |
| ११ | इन्द्रायणी आधारभूत विद्यालय | ४८८०२५ | ४५४२५९ | ३३७६६ |
| १२ | पिन्डेश्वरी माध्यामिक विद्यालय | ७८८४०० | ७२७३३० | ६१०७० |
| १३ | जलदेवी आधारभूत विद्यालय | ८१००० | ७८२३५ | २७६५ |
| १४ | संतानेश्वर बालविकास केन्द्र | २५६५० | २२३२५ | ३३२५ |
| १५ | जनचेतना आधारभूत विद्यालय | १९५०७५ | १९३२९० | १७८५ |
| जम्मा | | ३७४४९७५ | ३४४१२७७ | ३०३६९८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१५,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०३,६९८ |

५४ **निशुल्क पाठ्यपुस्तक -**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा ७५ प्रतिशत रकम निकासा दिएकोमा दोस्रो पटक विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग भएमा मात्र बाँकी रकम भुक्तानी दिनुपर्नेमा सो को तथ्याङक भिडान गर्दा निम्नानुसारका विद्यालयमा पाठ्यपुस्तक वापतको रकम बढी निकासा भएको देखिएकोले उक्त रकम सम्बन्धीत विद्यालयबाट असुल गरी दाखिला हुनुपर्ने रु.

| सिनं | विद्यालयको नाम | निकासा भएको रकम | IEMIS २०८१अनुसार निकासा हुनुपर्ने रकम | बढी निकासा भएको रकम |
|---|---|---|---|---|
| १ | भद्रकाली गुरुकुल | ३५३६५ | १४९९५ | २०३६९ |
| २ | डोल भञ्जाङ्ग माध्यामिक विद्यालय | ३०८६८५ | २९७८५३ | १८९५५ |
| ३ | गजुरी पिडा माध्यामिक विद्यालय | १४८२९३ | १३७९१३ | १०३७९ |
| ४ | जलदेवि आधारभूत विद्यालय | १६५८६ | १२४३४ | ४१५१ |
| ५ | जलकन्या आधारभूत विद्यालय | ५६५६८ | ४५९६३ | १०६०४ |
| ६ | जुनतारा आधारभूत विद्यालय | ४५१३२ | ४१४३२ | ३७०० |
| ७ | कालिका आधारभूत विद्यालय | ४६१७० | ३९२३२ | ६९३८ |
| ८ | कंकालिनी आधारभूत विद्यालय | ४६१७० | ३९२३२ | ६९३७ |
| ९ | किरान्चोक माध्यामिक विद्यालय | २४८१२२ | २२७९५७ | २०१६५ |
| १० | किरान्चोक कटुन्जे माध्यामिक विद्यालय | १४८४३६ | १४१०६० | ७३७५ |
| ११ | महेन्द्रोदय माध्यामिक विद्यालय | २२३८७९ | २००७५५ | २३१२४ |
| १२ | मानेभञ्जाङ आधारभूत विद्यालय | ३२८६८ | २७६५८ | ५२१० |
| १३ | पत्तालिनी आधारभूत विद्यालय | ९३७२३ | ८६४९५ | ७२२७ |
| १४ | सप्तकन्या आधारभूत विद्यालय | २५७८० | २१३९५ | ४३८५ |
| जम्मा | | | | १४९५१९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,६१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १,४९,५१९ |
|---|---|

५५ **सामुदायिक सिकाइ केन्द्र अनुदान -**

१२१।२०८०।१०।२२ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को कम्पोनेन्ट २.७.१३.१३ मा पालिका भित्र रहेका सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्नका लागि पालिकाले अनुदान दिन सक्ने र सिकाई केन्द्रले सोको बिल भरपाई खर्च विवरण र लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले आ.व. २०८०।२०८१ मा गजुरी सामुदायिक सिकाई केन्द्रलाई रु.२,५०,०००।- र जनजागरण सामुदायिक सिकाइ केन्द्रलाई रु.२,५०,००० समेत रु.५,००,०००.०० भुक्तानी दिएकोमा सो को खर्च विवरण र लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्नेमा पेश गरेको पाइएन रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

५६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार

गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ ।तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो ।यस वर्ष पालिकामा सूचिकृत ५४८ जना बेरोजगार मध्ये ७० जनाले रोजगारी प्राप्त गरेका छन । यस आ.व. मा पालिका अन्तर्गतका ८ वटा वडामा ८ वटा कार्यक्रम सञ्चालन भई रू. ६३९२९४८ - खर्च भएको छ। ३ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु. ३० हजार र तलब भत्तामा रु.११ लाख ७ हजार खर्च भएको छ । सञ्चालित योजनाको संख्या तथा रोजगार दाताको व्यहोराहरु निम्नानुसार छन् ।

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम |
|---|---|---|---|
| १ | केराघारीदेखि उल्यालो गाउँ बाटो ढलान | ७ | ६८९१०३ |
| २ | तुदी झरना जाने बाटो | ७ | ६०४८३४ |
| ३ | कुवापानी पोखरी कुलो मर्मत | ५ | ४००८३४ |
| ४ | घट्टेकुलो सिंचाई मर्मत | ७ | ६४१५०३ |
| ५ | घाटबेसी ओखले सिँढी निर्माण | १० | ८४५५०३ |
| ६ | तुलिङ खोल्वादेखि साईराम भवन गोरेटो बाटो | ११ | १४२०८३४ |
| ७ | चपरे सिमपानी बाकेचौर गोरेटोबाटो | १० | ७४०८३४ |
| ८ | ठुलाघर गैराबारी रुम्टा गोरेटोबाटो | १३ | १०४९५०३ |
| जम्मा | | ७० | ६३९२९४८ |

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आर्थिक वर्षमा रु.६३,९२,९४८।- खर्च भएको देखिन्छ। निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

५७ **कर कट्टा नगरेको** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८ **कर संकलन** -

५८.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु ६३५००००० गरेकोमा असुली रु १३९६३९९१ भएको छ ।जुन अनुमानको तुलनामा २२ प्रतिशत हुन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । विभिन्न शिर्षकमा असुलि गरेको विवरण निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | असुली |
|---|---|
| सम्पती कर | |
| | ६४९१९ |
| | |
| भुमिकर/मालपोत | ८३७४८५८ |
| वहाल कर | २०८९१८२ |
| सवारी साधन कर (साना सवारी) | ७२१५ |
| व्यवसायले भुक्तानी गर्ने | १४५५७९ |
| व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ४०५० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०० |
| अन्य कर | १२८०१८४ |
| न्यायिक दस्तूर | ५६४० |
| शिक्षा क्षेत्रको आम्दानी | ८१०० |
| परीक्षा शुल्क | १०४०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ७५२५० |
| नक्सापास दस्तुर | २१२८८२ |
| सिफारिश दस्तुर | ५८५०७२ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ११०२०० |
| नाता प्रमाणित दस्तुर | ११९०० |
| अन्य दस्तुर | १६२४५६ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८०७८०२ |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १५०० |
| न्यायिक दण्ड , जरिवाना र जफत | ७५ |
| प्रशासनिक दण्ड , जरिवाना र जफत | ४६२८ |
| व्यवसाय कर | २००० |
| जम्मा | १३९६३९९२ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

५८.२ घर जग्गा बहाल कर - गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू २०,८९,१८२।००

कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

५९ **राजश्व अभिलेख** –

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट विद्युतिय रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।पालिकाले आन्तरिक राजश्व रु.१३९६३९९१.५६ र अन्य राजस्व स्थानीय रु.३०६३६२६२.०० गरि जम्मा रु. ४४६००२५३.५६ आम्दानी देखाएको छ भने प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने पद्धतिको विकास भएको पाइएन। पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११५ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सो को अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

६० **फोहरमैला व्यवस्थापन** -

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन । तर हाल गाउँपालिकाले गाउँपालिकाको आफ्नै सवारी साधनको प्रयोग गरेर फोहोर मैला ब्यबस्थापन गरेको छ ।

६१ **ढुङ्गा गिटी वालुवा संकलन तथा बिक्रि वितरण** -

बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्न वनेको ऐन २०८० को दफा ९ अनुसार आ. व. २०८०।८१ मा माटो ढुङ्गा गिटी वालुवा दहत्तर वहत्तर को संकलन मा अनुसुची ५ अनुसार प्रतिघन फिट रु. ९ रुपैयाका दरले शुल्क लाग्ने व्यवस्था रहेको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ ।

६१.१ पालिकाले आ व २०८०।८१ को दहत्तर वहत्तरका लागि मिति २०८०।३।२० मा प्रथम पटक सुचना प्रकाशन गरी ५२४८५४५ घनफिट गिटी वालुवा संकलनका लागि रु.६,२९,८२,५४५।८७ सुचना प्रकाशन गरेको सुचना भएकोमा कुनै पनि फर्म वाट ठेक्का स्वीकार गर्न नआएको र यसैगरी चौथो पटक सम्म पनि नपरेको देखिन्छ ।

६१.२ गाँउ कार्यपालिकाको मिति २०८०।३।३१ को निर्णय न.४ मा आ.व २०८०।८१ लागि नदीजन्य पदार्थ उत्खनन विक्री तथा निकासी प्रयोजनका लागि ठेक्का आह्वान गरिएकोमा ठेक्का नलागेकोले ठेक्का नलागे सम्म अमानत बाट कर संकलन लागि यस अधिका ठेकेदार व्यवसायीहरुले खटाएका कर्मचारीवाट कर संकलन गर्ने निर्णय भए अनुसार अमानतबाट कार्य गरेको छ ।

६१.३ विभिन्न ठाउँका घाटबाट २८ जना व्यक्तिहरुमध्ये ३ जना लाई मासिक रु.३०,०००।- का दरले र बाँकी २५ जना लाई रु.२३,०००।- का दरले बर्ष भरिमा रु.७९,८०,०००।- कर संकलनमा खर्च भएको छ ।

६१.४ मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ५ को उपदफा ( ३) अनुसूची १ मा कर छुट हुने वस्तु तथा सेवाहरुको व्यवस्था रहेको छ । तर ढुङ्गा गिटी वालुवामा मूल्य अभिवृद्धि कर छुट नहुने व्यवस्था रहेकोमा पालिकाले ढुङ्गा गिटी वालुवामा अमानतबाट कार्य गराई रु. ४,८२,८८,९९०।०० राजस्व उठाएको मध्ये रु.२,३७,७६५।०० रकममा मुल्य अभिवृद्धि कर सहित राजस्व संकलन गरेको छ भने रु. ४,८०,७८,५७८।०० रकममा मूल्य अभिवृद्धि कर नउठाएकोले सोही ऐन अनुसार मूल्यअभिवृद्धि कर वापतको रु. ६२,५०,२१५। १४ मुल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६२,५०,२१५.१४ |
|---|---|

६१.५ सोही ऐनको दफा ९ अनुसार उठेको राजस्व सोही ऐनको दफा ९ को उपदफा ४ बमोजिम स्थानीय तहबाट उठाइएको ढुङ्गा गिटी वालुवाको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी जम्मा भएको रकम बाँडफाँड गरी ६० प्रतिशत स्थानीय संचित कोषमा र बाँकि ४० प्रतिशत प्रदेश संचित कोषमा पठाउनुपर्नेमा सोहि अनुसार पठाएको छ।

६२ **फोहोर मैला व्यवस्थापन केन्द्र** -

पालिकाले फोहोर मैला व्यवस्थापनका लागि विण्णु प्रसाद रिजालको ४-८-२-० जग्गा खरीद गरी निजलाई रु.३६,००,०००।- भुक्तानी भएको छ भने व्यक्तिको जग्गा सरकारी बनाउँदा लाग्ने रजिष्ट्रशन सहितको शुल्क पालिकाले आफै व्यहोरेको छ ।

६३ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सांग्रिला कम्पनीको आन्तरिक आय संकलन नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.३१६२२७५ राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वशनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

६४ **सफ्टवेयर खरिद** -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले कृषि पोर्टल सफ्टवेयर निर्माणको लागी इन्फरमेशन केयर प्रा.ली (६०४२६१६४७) सँग मिति २०८१।२।३ मा ३० दिनभित्र सफ्टवेयर तयार गरी प्रतिवेदन दिने सम्झौता गरेको देखिन्छ। उक्त फर्मले प्रतिवेदन सहित बील पेश गरेकोमा पालिकाले भौ.नं.७७। २०८१।३।१२ बाट रु.४,९७,७६५।- भुक्तानी गरेकोमा उक्त सफ्टवेयरबाट कृषक सूचिकरण, कृषक परिचयपत्र निर्माण कृषक समूहको डाटा संकलन तथा सम्प्रेषण गर्ने कार्य गर्दै आएको छ ।

६५ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट यस वर्ष गाउँसभा सञ्चालनमा रु ५,२५,०००।००,अतिथि सत्कार, खाजा खाना तथा अन्यमा रु २९,२७,०००।०० गरी कूल रु.३४,५२,०००।०० खर्च गरेको छ । यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरि यस्तो खर्चमा नियन्त्रण गरिदुपर्दछ ।

६६ **जे.सि.वि.को आम्दानी** -

पालिकासँग पालिकाले खरिद गरेको १ वटा एक्जाभेटर जे.सि.वि. रहेको पाइयो ।उक्त जे.सि.वि. बाट पालिकालाई कुनै पनि आम्दानी गरेको छैन ।पालिकाले उक्त जे.सि.भि. राजमार्गको पहिरो पन्छाउने कार्यमा प्रयोग भएको जानकारी दिएको छ।उक्त जेसिभि सञ्चालनका लागि ईन्धन बापत रु.६,९२,३०७।-, २ जना अपरेटरको तलब भत्ता बापत रु.६,१८,५००।- र मर्मत बापत रु.६,७१,५९६।- गरी जम्मा रु.१९,८२,४०३।- खर्च भएको छ। जे.सि.वि.को प्रयोग राजमार्ग र पालिका अन्तर्गतको पहिरो पन्छाउने काम तथा अन्य के के काममा प्रयोग भएको हो सोको विवरण पेश हुन सकेन ।

६७ **इन्धन खर्च** -

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा चार पाङ्गे सवारी साधन ५ वटा. दुई पाङ्गे १९ वटा , गरी जम्मा २४ वटा सवारी साधन रहेका छन ।पालिकाले यस वर्ष इन्धन वापत रु. ३५८९१५६ खर्च गरेको छ ।यसरी खर्च भएको इन्धनको लगबुक राखेको पाइएन । अत: लगबुक राखि इन्धन खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

६८ **प्रदेश सरकार समपुरक योजना -**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ४ बमोजिम प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । साथै बुँदा नं ८(क) बमोजिम स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ, साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरण रकम फिर्ता गर्ने व्यवस्था अनुसार संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश समपुरक अनुदानबाट देहायको योजनामा प्राप्त रकम पचास प्रतिशत पालिकाले व्यहोर्नु पर्नेमा प्रदेश सरकारको अशं वढी भएकोले पालिकाले समपुरक रकम कम खर्च गरेको र प्रदेश सरकारको बढी खर्च भएको रु.४१,०६,६१०।- प्रदेश सरकारको संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट रु. | सम्झौता रकम रु. | प्रदेश सरकारले व्यहोर्नुपर्ने रु. | प्रदेश सरकारको बजेट खर्च रु. | प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु. |
|---|---|---|---|---|---|---|
| १ | धोवीखोला अमले च्याङली सडक | २ करोड | १०८४३३७०।९४ | ५१०६६१०। | ९२१३२२०। | ४१०६६१०। |

| प्रमाण पेश नगरेको | ४१,०६,६१० |
|---|---|

६९ **पालिकाको प्रशासकीय भवन निर्माण -**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ५२ वमोजिम सार्वजनिक खरीद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । पालिकाको प्रशासकीय भवन निर्माणका लागि १६ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१।२४ मा रु. ६,२८,८४,२०८।१९ सम्झौता भएको छ । गाउँ सभाको मिति २०८१।३।९ को निर्णय अनुसार मिति २०८१ पौष मसान्ततक भित्रमा काम सम्पन्न गर्नेगरी तेश्रोपटक म्याद थप भएको छ ।यो वर्ष मा रु.८८,८३,२०७।- निर्माण व्यवसायी ओम वुद्ध /ज्वालामुखी / हरिततारा जे.भी लाई भुक्तानी भएको देखिन्छ।हालसम्मको प्रगती ८१.८८ प्रतिशत मात्र भएकोले तोकिएको समयमा नै निर्माण कार्य नहुदा लागत बढने देखिएकोले तोकिएको समय मा नै निर्माण कार्य हुनुपर्ने देखिन्छ ।

७० **जिन्सी दाखिला नभएको -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कार्यालयमा प्राप्त मालसमान प्राप्त भएको सात दिन भित्र आम्दानी वाध्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले जलकन्या आधारभुत विद्यालयमा चाहिने शैक्षिक सामाग्री तथा फर्निचरका सामानका लागि भनि रु.३८,०००।- भुक्तानी भएकोमा भुक्तानी डुअल म्युजिक सेन्दर एण्ड साउण्ड सिस्टमलाई भुक्तानी भएकोमा र विद्यालयमा चाहिने शैक्षिक सामाग्री तथा फर्निचर भनि टोर्ली स्पिकर खरीद गरी भुक्तानी भएको मा सो सामान विद्यालयमा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | ३८,००० |
|---|---|

७१ **राजस्व दाखिला -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । साथै दफा २८(२) मा सोही दिन वा भोलिपल्ट दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश

प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न सकिने व्यवस्था छ । पालिकाको आन्तरिक आय संकलनको जिम्मेवार कर्मचारी सुजित कर्मचार्यले आ.व २०८०।०८१ मा रु.६५,२८,८३८।०४ को रसिद काटेकोमा रु.१२,००५।- बराबरको रसिद रद्ब भई खुद रु.६५,१६,८३३।०४ राजस्व संकलन गरेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार मिति २०८१।३।३० सम्म रु.६३,७३,०८७।- मात्र बैङ्क दाखिला गरेको देखिएकोमा लेखापरीक्षणको समयसम्म रु.१,४३,७४६।०४ राजस्व खातामा जम्मा नगरेकोले सम्बन्धित व्यक्तिबाट १० प्रतिशत ब्याज सहित रु.१,४३,७४६।०४ असुल गरी राजस्व खातामा जम्मा गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४३,७४६ |

७२ **सोझै तथा टुक्रे खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमवाट खरिद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा प्याकेजिङ्ग तथा रिप्याकेजिङ्ग गरी ठेक्का सम्झौता गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायवमोजिम ल्यावटप तथा कम्प्युटर, मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरि रु.२१,७६,६८३।- भुक्तानी गरेको देखियो । ऐन तथा नियमावलीमा भएको ब्यबस्था विपरित यस प्रकारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| सि.नं | मिती | भौ.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | २०८०।६।१५, २० | ७२, ८८ , ५६२ , ७२६ | ल्यावटप तथा कम्प्युटर खरिद | प्रतिक कम्प्युटर प्रशिक्षण केन्द्र | १४१३०४१ |
| | २०८०।११।३ | | | | |
| | २०८०।१२।१४, | | | | |
| २ | २०८०।६।१५, २१ | ७२, ९१ , ७२६ | | धादिङ उर्जा प्रा.ली | ४३५५११ |
| | २०८०।१२।१४ | | | | |
| ३ | २०८०।१२।१४ | ७२६ | | पार्वती ट्रेडस | ६७४०४ |
| ४ | २०८०।१२।१४ | ७२६ | | प्रशंसा इन्टरप्राइजेज | ३७९५० |
| ५ | २०८०।११।३ | ५६२ | | डुअल म्युजिक सेन्टर एण्ड साउन्ड सर्भिस | २२२७७७ |
| जम्मा | | | | | २१७६६८३ |

७३ **दमकल खरीद सम्वन्धमा -**

वेनिघाट रोराङ गाउँपालिका , सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सयुक्त लगानीमा वारुणयन्त्र (दमकल) खरीदका लागि सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ को अनुसार क्याटलग विधि मार्फत खरीद भएकोमा निम्नानुसार देखिएको छ।

७३.१ क्याटलग विधि बाट खरीद गरिएकोमा सवैभन्दा कम दररेट पेश गर्ने नेशनल फायरसेफ प्रा.लि ले पेश गरेको रु.५९,७०,०००।- निजलाई भुक्तानी दिएकोमा ३ वटै पालिकाहरुले रु. २०/२० लाख रकम जम्मा गर्ने सो को संचालन खर्च पनि सोही कोष बाट गर्ने निर्णय भए अनुसार वेनिघाट रोराङ्गले रु.१९,९०,०००।- सिद्धलेक गाँउ पालिकाले रु.२०,००,०००।- र गजुरी गाँउ पालिकाले

रु.२०,००,०००।- गरी जम्मा रु.५९,९०,०००।- जम्मा भएकोमा गजुरी गाउपालिकाले निजलाई भौ.नं. १३४ मिति २०८१।१।३१ मा रु.११,९०,०००।– पूँजिगत शीर्षकबाट दिनुपर्नेमा चालु शीर्षकबाट पेश्की खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,९०,००० |

७३.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा खरिद गरी वा नगरी कुनै प्रकारले हन्तान्तरण भई आएको मालसमानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी लगत अध्यावधिक गराइ राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०८१।३।११ बाट भुक्तानी भएको रु.५९,९०,०००।- कार्यालयमा प्राप्त भएको जिन्सी सामान जिन्सी खातामा आम्दानी वाँधेको नपाइएकोले जिन्सी आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्दछ ।

७३.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रु **६,६९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४ **पाइप वितरण** -

कृषि बिकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८० अनुसुची-६ को बुदा नं ४० मा सिचाईको लागी एच.डि.पि. पाइप अनुदान दिँदा ५०प्रतिशत मात्र दिने व्यवस्था छ। पालिकाले एक वडा एक कृषि पकेट कार्यक्रम अन्तर्गत वडा नं ८ मा कालिका कृषि समुहका कृषकलाई सिचाई पाइप अनुदान दिएको देखिन्छ। बि एण्ड पि इक्पेक्स प्रा.ली बाट ५००० मीटर पाइप रु.२,००,०१०।- मा खरिद गरेकोमा पालिकाले ५० प्रतिशत बराबर रु.१,००,००५।- भुक्तानी दिनुपर्नेमा मिती २०८१।३।१३ मा कृषि शाखाबाट टिप्पणी उठाई भौ.नं.७९।२०८१।३।१३ बाट बि एण्ड पि इक्पेक्स प्रा.ली लाई रु.१,९८,६६४।- भुक्तानी दिएकोले कालिका कृषि समुहले व्यहोर्ने लागत सहभागिता गर्नुपर्ने रु.९९,३३२।- सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,३३२ |

७५ **धरौटी फिर्ता** -

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) अनुसार रिटेन्सन मनिको रकम फिर्ता गर्दा आपुर्तीकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौ.नं. ८।२०८१।२।३ बाट सिवाको बस्नेत जे.भी को नाममा रहेको रु.१४,९९,५४२।- र पालिकाको नाममा रहेको धरौटी रु.१,०२,४५२।- गरि जम्मा रु.१६,०१,९९४।- धरौटी सिवाको बस्नेत जे.भी लाई फिर्ता गरेकोमा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,०१,९९४ |

७६ **भुक्तानी दिन बाँकी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले १ करोड १८ लाख १० हजारको देहायका योजनाको भुक्तानी बाँकी राखी दायित्व सारेको देखिन्छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयको अनुमान वितरणको खाका र बजेट सीमा र श्रोतको सुनिश्चितताका आधारमा आगामी वर्ष दायित्व नसर्ने किसिमले गर्नुपर्नेमा यस आर्थिक वर्षमा भुक्तानी दिन नसकि दायित्व सृजना गर्दा आयको प्रक्षेपणका आधारमा बजेट बनाउनुपर्ने देखिन्छ ।

| भुक्तानी दिन बाँकीको कार्यक्रम/योजना/ विवरण | रकम |
|---|---|
| पुनरुत्थान चर्च गजुरी | ९७०००० |
| लाकुति बोझे सडक | २००००० |
| साडीखोला रुम्टा सडक | १४५००० |
| केदारेश्वर योग साधना ट्रस | ९७०००० |
| खनालगाउँ खानेपानी | १००००० |
| राम्चे खानेपानी | २००००० |
| कटुवा ढाडखोला कुलो सिंचाई | ५०००० |
| आदमघाट खानेपानी निर्माण | ९७०००० |
| कालेठुटा सल्ले कुलो मर्मत | १६५००० |
| खानेपानी तथा सिंचाई पाईप खरिद | २००००० |
| ट्राफिकपोष्ट देखि त्रिशुली जाने सडक नाला निर्माण | ५००००० |
| धादिङ बहुप्राविधिक शिक्षालय भु:संरक्षण | ३००००० |
| काप्राबोट खतिवडा डाँडा सडक ढलान | ३००००० |
| बेलबोटे गारापारे सिंचाई | १००००० |
| डोलभञ्ज्याङ, चोउरीखर्क जोरबंसे तथा कार्यालय सडक मर्मत | ३५०००० |
| मरणघाट निर्माण तथा सोलार मर्मत | ६३०००० |
| डिडेठाँटी धारभुत स्वास्थ्य केन्द्रको गेट निर्माण | २६०००० |
| साडिखोला मानेभञ्ज्याङ चामभञ्ज्याङ सडक स्तरोन्नति | २०००००० |
| तेर्सेपानि खोर्सुभञ्ज्याङ सडक स्तरोन्नति | १७००००० |
| कटुञ्जे मा.वि | १००००० |
| वडा कार्यालयको प्रोटेक्सन वाल वडा नं ३ | १६००००० |
| कुल जम्मा | ११८१०००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गजुरी गाउँपालिका, धादिंग , गजुरी गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजु अधिकारी | २०७९-१०-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Amrit Parsad Paudel | २०७६-१-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७५४,०७६ | २०,३५२,९०९ | १२,७६७,२९५.१४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३३,८७४,२८०.१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८६,३६७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३३,७८७,९१३.१४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३८५५२४२१.१५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३६३६२६६४ | चालु खर्च | ३९४८६६७८८.२ |
| प्रदेश सरकारबाट अनुदान | ६२२१६००० | पूँजीगत खर्च | १४९८५२१७४ |
| राजश्व बाँडफाँट | ९८६२१६५१.१७ | वित्तीय/अन्य व्यवस्था | १५२५०९३४२.७१ |
| आन्तरिक आय | १३९६३९९१.५६ | | |
| अन्य आय | १८३०८६८५९.८२ | | |
| कुल आय | ६९४२५११६६.५५ | कुल खर्च | ६९७२२८३०४.९१ |
| बाँकी मौज्दात | | ३५५७५२८२.७९ | |

## अनुसूची - २

## बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची -३

**गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वित्तीय प्रतिवेदन**

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,४४,१५,०९७.७२ | ०.०० | १०,४४,१५,०९७.७२ | ९,९४,२२,८३१.१९ | ०.०० | ९,९४,२२,८३१.१९ |
| १३००० | अनुदान | | ३८,६५,४९,३८८.९६ | ०.०० | ३८,६५,४९,३८८.९६ | ३९,८८,०३,८७५.५७ | ०.०० | ३९,८८,०३,८७५.५७ |
| १४००० | अन्य राजस्व | | ३,२६,४५,९४९.४३ | ०.०० | ३,२६,४५,९४९.४३ | ३,७८,६२,४२३.२६ | ०.०० | ३,७८,६२,४२३.२६ |
| क | कुल जम्मा प्राप्ति | | ५२,३६,१०,४३६.११ | | ५२,३६,१०,४३६.११ | ५३,६०,८९,१३०.०२ | | ५३,६०,८९,१३०.०२ |
| ३ | चालु | | ३९,४८,८५,७७७.८१ | ०.०० | ३९,४८,८५,७७७.८१ | ३७,५०,९०,४४१.१९ | ०.०० | ३७,५०,९०,४४१.१९ |
| २१००० | पारिश्रमिक / सुविधा | | ६,६०,८०,६४०.६६ | ०.०० | ६,६०,८०,६४०.६६ | ३,५९,३५,०९९.८५ | ०.०० | ३,५९,३५,०९९.८५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ३२,०८,५१,३९७.१५ | ०.०० | ३२,०८,५१,३९७.१५ | ३१,३०,५७,८४८.३४ | ०.०० | ३१,३०,५७,८४८.३४ |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | १,२७,१५,०००.०० | ०.०० | १,२७,१५,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६३,२५,६९२.०० | ०.०० | ६३,२५,६९२.०० | २९,००,७५१.०० | ०.०० | २९,००,७५१.०० |
| २८००० | अन्य खर्च | | १६,२८,०४८.०० | ०.०० | १६,२८,०४८.०० | १,०४,८१,७४२.०० | ०.०० | १,०४,८१,७४२.०० |
| ४ | पूंजीगत | | १४,९८,५२,१७४.०० | ०.०० | १४,९८,५२,१७४.०० | १६,३०,०९,१९५.१६ | ०.०० | १६,३०,०९,१९५.१६ |
| ३१११० | भवन तथा संरचना | | ३,७६,८२,४१३.०० | ०.०० | ३,७६,८२,४१३.०० | ३,४८,९०,५९९.०० | ०.०० | ३,४८,९०,५९९.०० |
| ३१२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १४,२९,२१८.०० | ०.०० | १४,२९,२१८.०० | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ११,०७,४०,५४३.०० | ०.०० | ११,०७,४०,५४३.०० | १२,६६,१८,५९६.१६ | ०.०० | १२,६६,१८,५९६.१६ |
| ख) | कुल जम्मा भुक्तानी | | ५४,४७,३७,९५१.८१ | | ५४,४७,३७,९५१.८१ | ५३,८०,९९,६३६.३५ | | ५३,८०,९९,६३६.३५ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (२,११,२७,५१५.७०) | | (२,११,२७,५१५.७०) | (२०,१०,५०६.३३) | | (२०,१०,५०६.३३) |
| घ) | धरौटी, आकस्मिक कोष | | (९३,०१,८१६.७३) | | (९३,०१,८१६.७३) | ८५,११,८६८.७५ | | ८५,११,८६८.७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१८,९८९.५८) | | (१८,९८९.५८) | (१५,०४६.००) | | (१५,०४६.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३,०४,२९,३३२.४३) | | (३,०४,२९,३३२.४३) | ६५,०१,३६२.४२ | | ६५,०१,३६२.४२ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,९१,६७,२१३.१५ | | ५,९१,६७,२१३.१५ | ५,२६,६५,८५०.७३ | | ५,२६,६५,८५०.७३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २,८७,३७,८८०.७२ | | २,८७,३७,८८०.७२ | ५,९१,६७,२१३.१५ | | ५,९१,६७,२१३.१५ |
| | | | | | | | | |
| लेखाप्रमूख | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | | |
| पालिकाबाट प्रमाणिकरण मिति : | | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ । निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ । त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ । साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ । नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।